प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम
प्रादेशिक कार्यक्रम कार्यान्वयन ईकाई
धनगढी, कैलाली ।

उप-सचिव

## विषयः अवधारणा पत्र पेस गर्ने सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मितिः २०७८।११।१५

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको चालु आ. व.२०७८/७९ को वार्षिक कार्यक्रम नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनका लागि नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा ५ बमोजिम यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सुदूरपश्चिम प्रदेशस्थित सबै स्थानीय तहले उक्त निर्देशिकाको अधीनमा रही अनुसूची-१ बमोजिमको ढाँचामा अवधारणा पत्र तयार गरी स्थानीय सुशासन, सार्वजनिक सेवा प्रवाह र स्थानीय आर्थिक विकासका क्षेत्रका सम्भावित नवप्रवर्तनकारी आयोजनाहरू सञ्चालनको लागि विद्युतीय माध्यम (https://ipf.plgsp.gov.np) बाट आवेदन पेस गरी सोको सक्कलै प्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्नुहुन अनुरोध गरिन्छ । नवप्रवर्तन साझेदारी कोष निर्देशिका २०७८ https://plgsp.gov.np/index.php/ipf-guideline बाट प्राप्त गर्न सकिने छ।

<u>अवधारणा पेस गर्ने क्षेत्रहरु:</u> (नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा २५ सँग सम्बन्धित)

१. नेपालको संविधानको अनुसूची- ८ र ९ मा उल्लिखित प्रदेश तथा स्थानीय तहका साझा तथा स्थानीय तहका एकल अधिकारमा उल्लिखित बिषय क्षेत्रहरु,
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद - ३ मा उल्लिखिति विषय क्षेत्रहरु
३. नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिकाको अनुसूची- ५ मा समावेश गरिएको विषयहरु

<u>पेस गर्नुपर्ने कागजातहरु</u> (नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को अनुसूची-२ सँग सम्बन्धित)

१. नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिकाको दफा १६(ज) बमोजिमको कार्यान्वयन समिति गठनको निर्णयको प्रतिलिपि।
२. सम्बन्धित कार्यपालिकाको बैठकबाट प्रस्ताव पेस गर्ने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि।

३. चालु आ.व. को बजेट तथा कार्यक्रमलाई गत आ.व. को असार १० गते भित्र सभामा पेस गरी असार मसान्तभित्र पारित गरिएको गाँउ/नगर सभाको निर्णयको प्रतिलिपि।

४. स्थानीय तह संस्थागत स्वमूल्याङ्कनको अन्तिम नतिजाको प्रासाङ्क खुल्ने आधार एवम् स्थानीय तह संस्थागत स्वमूल्याङ्कनको नतिजालाई सार्वजनिक गरेको कार्यपालिकाको निर्णयको प्रतिलिपि।

५. स्थानीय तह वित्तीय सुशासन मूल्याङ्कनको अन्तिम नतिजाको प्रसाङ्क खुल्ने आधार एवम् स्थानीय तह संस्थागत स्वमूल्याङ्कको नतिजालाई सार्वजनिक गरेको कार्यपालिकाको निर्णयको प्रतिलिपि वा प्रारम्भिक कारबाही शुरु भएको सम्बन्धित पालिकाको पत्र।

६. दुई वा सो भन्दा बढी स्थानीय तहहरुले संयुक्त रुपमा प्रस्ताव पेस गरेमा साझेदारको लागत सहभागिताको प्रतिबद्धता सहित साझेदारी पत्रको दस्ताबेज।

७. गैर सरकारी संस्था वा सामुदायिक संस्था वा सहकारी संस्था वा निजी क्षेत्रसँग लागत साझेदारीमा प्रस्ताव पेस भएमा लागत सहभागिताको विवरण सहित सम्झौता पत्र एवम् साझेदार संस्था निजी क्षेत्र भएमा उक्त संस्थाको गत आर्थिक वर्षको कर चुक्ता प्रमाण प्रत्र।

८. पछिल्लो दुईवटा आर्थिक वर्षको अन्तिम लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि।

९. अवधारणा पत्र पेस गरेको सम्वन्धमा पालिकाको पत्र।

१०. अनुसूची- १ बमोजिम भरिएको अवधारणा पत्रको प्रमाणित प्रति।

<u>नोटः</u> थप जानकारीका लागि,

उप-सचिव, नवराज ओझा, ९८५८४७७८७२,

शाखा अधिकृत, नरेन्द्र शाह, ९८४१०३३१४६

शासन तथा कानुन बिज्ञ, दिनेश सुधाकर, ९८४१३९४२११

नवप्रवर्तन साझेदारी कोष बिज्ञ, बिनोद कलौनी, ९८६४२९१३२३